नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिहदरबार, काठमाडौं ।

सूची दर्ता गराउने सम्बन्धि सूचना

(प्रकाशित मिति : २०७९/०८/२५)

यस केन्द्रबाट चालु आ.व. २०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार राष्ट्रिय गौरवका आयोजनाहरु (NPP), अन्य आयोजनाहरु (OP), सडक बोर्डको आयोजनाहरु, BIMP का आयोजनाहरु तथा यस केन्द्रबाट गरीने अन्य आयोजनाहरुको प्राविधिक परीक्षण गराउन मौजुदा सूची (Standing List) तयार पार्न आवश्यक भएकोले ईच्छुक प्राविधिक परीक्षक/फर्महरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी अनुसूची –२ बमोजिमको आवेदन यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दर्ता गराउन सम्बन्धित सूबैमा जानकारी को लागी यो सूचना प्रकाशित गरीएको छ । थप जानकारी तथा विवरण~~को लागि~~ केन्द्रको वेबसाइट www.nvc.gov.np बाट प्राप्त गर्न सकिनेछ । साथै केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा (फोन नं. ०१-४२००३५०, ४२११९४८) मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ ।

website

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिहदरबार, काठमाडौं ।

सूची दर्ता गराउने सम्बन्धि सूचना

(प्रकाशित मिति : २०७९/०८/२५)

यस केन्द्रबाट चालु आ.व. २०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम अनुसार राष्ट्रिय गौरवका आयोजनाहरु (NPP), अन्य आयोजनाहरु (OP), सडक बोडको आयोजनाहरु, BIMP का आयोजनाहरु तथा यस केन्द्रबाट गरीने अन्य आयोजनाहरुको प्राविधिक परीक्षण गराउन मौजुदा सूची (Standing List) तयार पार्न आवश्यक भएकोले ईच्छुक प्राविधिक परीक्षक/फर्महरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी अनुसूची –२ बमोजिमको आवेदन यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दर्ता गराउन सम्बन्धित सबैमा जानकारी को लागी यो सूचना प्रकाशित गरीएको छ । रित नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्ताहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा रहने छ ।

क) आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

अ) संस्थातग निवेदकको लागि :–

१) फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

२) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

३) आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

४) कम्तिमा एकजना यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिम प्राप्त प्राविधिक परीक्षक को दस्तखत सहितको बायोडाटा, प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

आ) व्यक्तिगत निवेदकको लागि :–

१) व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित शैक्षिक प्रमाणपत्र ।

२) यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र ।

३) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) सूचीकृत गरिने विषय:

Road and Bridge, Building and Architecture, Irrigation, Water supply and Sanitation, Electrical, Mechanical, Electro-mechanical, Electronics, Tele-communication, Hydropower, Hydrology

ग) योग्यता:

१) कुनै पनि इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण भई सो योग्यताको आधारमा ईञ्जिनियरिङ्गसँग सम्बन्धित काममा कम्तिमा १० (दश) वर्षको व्यावसाहिक अनुभव भएको (General Experience) ।

२) माथि उल्लिखित सुचीकृत गरिने विषयमा कम्तीमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको (Specific Experience)।

३) यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिम प्राप्त गरेको ।

नोट: आवेदन दिने व्यक्ति/फर्मले जुन विषयमा सूचिकृत हुने हो सो विषय खुलाई निवेदन पेश गर्नुपर्नेछ । साथै एक भन्दा बढि विषयमा सूचिकृत हुन चाहेमा छुट्टा छुट्टै निवेदा पेश गर्नुपर्नेछ ।

अनुसूची–२

मिति २०७९।०८।२५

श्रीमान् सचिवज्यू
राष्ट्रिय सर्तकता केन्द्र
सिंहदरबार, काठमाण्डौं ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशील:

१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण :	
(क) नाम :	(ख) ठेगाना :
(ग) पत्राचार गर्ने ठेगाना :	(घ) मुख्य व्यक्तिको नाम :
(ङ) टेलिफोन नं. :	(च) मोबाइल नं. :
२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला ।	
अ) संस्थागत निवेदनको लागि :– (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र । (ख) नविकरण गरिएको । (ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र । (घ) कर चुक्ताको प्रमाणपत्र । (ङ) इन्जिनियरिङ्ग परामर्श सेवा प्रदान गर्ने उद्देश्य साथ दर्ता भएको निस्सा खुल्ने कागजात विवरण/इजाजत पत्रको प्रमाणित प्रतिलिपी । (च) कम्तिमा एकजना यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिम प्राप्त प्राविधिक परीक्षकको दस्तखत सहितको बायोडाटा, प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र । **आ) व्यक्तिगत निवेदकको लागि :–** (क) व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित शैक्षिक प्रमाणपत्र । (ख) यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र । (ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र ।	
३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण :	
(क) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने)	

निवेदन दिएको मिति : आ. व. :	फर्मको छाप :	निवेदनको नाम : हस्ताक्षर :